बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुडढी, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

२०७३

## आन्तरिक आय सकलन तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धिसूचना

**तेस्रो पटक प्रकाशित मिति :— २०७६/३/२८ गते**

यस बुद्धभूमीनगरपालिकाको मिति २०७६।३।१७ गतेको निर्णय अनुसार कृषि साप्ताहिक हाट बजार इमिलिया, क.व. लगायतका ठेक्का व्यवस्थापन गर्नको लागि ७ दिनको म्याद थप गरी गोप्य शिलवन्दि बोलपत्र आव्हान गरिएकोमा उक्त समयावधि भित्र कृषि साप्ताहिक हाट बजार इमिलिया, क.व. को ठेक्का कवोल नपरेको हुदा उक्त हाट बजारको राजस्व अशुली सम्वन्धि कार्य आ.व. २०७६/०७७ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक ब्यक्ति, फर्म/कम्पनीहरुले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात २०७६।४।०३ गते ३ बजे भित्र बोलपत्र खरिद गरि २०७६।४।५ गते १२ बजे भित्र शिलवन्दी बोलपत्र यस कार्यालयमा पेश गर्न हुन सूचीत गरिन्छ। ठेक्का सम्वन्धि शर्तहरु तल उल्लेख गरिए अनुसार हुनेछ। अन्य थप जानकारीका लागि यस कार्यालयको सूचना पाटी, कार्यालयको वेभसाईट www.buddhabhumimun.gov.np तथा बुद्धभूमी नगरकार्यपालिकाको कार्यालयको राजस्व शाखामा वा मो.न. 9857051769/ 9857051519 मा सम्पर्क राख्न हुन जानकारी गराईन्छ।

ठेक्का विवरण:-

| आय ठेक्का न/क्र. स. | ठेक्का विवरण | न्युन ठेक्का अक /मूल्य अ कर तथा अन्य कर बाहेक) रु | बेलपत्र फारम दस्तुर | धरौटी | सूचनाको अवधि |
|---|---|---|---|---|---|
| ३/०७५/०७६ | कृषि साप्ताहिक हाटबजार इमिलिया, क.व. | ९३९४००।०० | १००० | कबोल अंकको ५% | ७ दिन |

**क. ठेक्का सम्बन्धी शर्तहरू-**

१. ठेक्का अवधि २०७७ सालको असार मसान्तसम्म हुनेछ।

२. यो सूचनामा प्रकाशित गरिएका बोलपत्रहरू सूचना प्रकाशित भएको मितिले ७ औं दिन अर्थात २०७६।४।०३ गते ३ बजे भित्र बुद्धभूमी नगरपालिकाको कार्यालय, हनुमानचोक, बुडढीबाट खरिद गर्न सकिनेछ। खरिद भएका बोलपत्रहरू ९ औं दिन कार्यालय समय १२:०० बजे भित्र बुद्धभूमी नगरपालिकाको कार्यालयमा दर्ता गर्नुपर्नेछ। प्राप्त बोलपत्रहरू ९ औं दिन १२:०० बजे बुद्धभूमी नगरपालिको कार्यालय, हनुमानचोक बुडढीमा बोलपत्रदाताको रोहबरमा खोलिनेछ। बोलपत्रदाता उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

३. बोलपत्र दाताले खामको बाहिर पट्टि ठेक्का नं. ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ।

४. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नवीकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपी साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ। ब्यक्तिको हकमा नागरिकताको प्रतिलिपी, प्यानमा दर्ता भएको प्रमाण ।

५. रु. ५ लाख भन्दा बढीको ठेक्का अंक कबुल गर्नको लागि मू.अ.करमा दर्ता भएको प्रमाण पेश गर्नु पर्नेछ।

६. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी बाफत कबोल अंकको ५ प्रतिशत धरौटी राख्नुपर्नेछ। धरौटी बापत यस बुद्धभूमी नगरपालिका कार्यालय, बुडढी, कपिलवस्तुको नाममा रहेको एन.एम.बी. बैंक, गोरूसिंगे स्थित **धरौती खाता नं. 04400600559976000004** मा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा १२० दिन म्याद भएको मान्यता प्राप्त क श्रेणीको बैंकको जमानत (बिड वण्ड) को सक्कल प्रति पेश गरेको हुनुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन।

७. कबोल गरेको रकम एकमुष्ट अग्रीम रूपमा बुझाएमा १०% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिइनेछैन।

८. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको एन एम बी बैंक शाखा कार्यालय गोरूसिगें शाखामा रहेको **संचितकोष खाता नं. 04400600559976000001** मा दाखिला गरेको भौचर दाखिला गरेको रसीद पेश गर्नुपर्नेछ।

९. बोलपत्र खरिद कर्ताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन।

१०. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ।

११. रितपूर्वक दाखिला भएका बोलपत्र मध्ये घटी वा बढी वालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सुचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

१२. ठेकेदारले नेपाल सरकार वा बुद्धभूमी नगरपालिकाको कार्यालय, हनुमानचोक, बुडढीले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ। साथै कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१३. सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर, शुल्क संकलन गर्नुपर्नेछ। सो भन्दा फरक हुने गरी कर तथा शुल्क संकलन गरेको पाइएमा नियमानुसार कारवाही हुनेछ।

१४. प्रचलति नियमानुसार कालोसूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउन पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरूको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

१५. बुद्धभूमी नगरपालिका, हनुमानचोक, बुडढी, कपिलवस्तुले तोकेको कर, शुल्क संकलन गर्ने रसिदहरू ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरू यस कार्यलायबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ। कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ।

१६. ठेकेदारले ३/३ महिनामा कर संकलनको लिखित जानकारी कार्यालयमा अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लागेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्नेछ।

१७. ठेकेदारले ठेक्का सम्झौता पछि यस नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दावी गर्न पाइने छैन।

१८. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी कर, शुल्क संकलन गर्न पाइने छैन।

१९. यस सूचनामा उल्लेख भएका शर्तहरू यस ठेक्काको प्रयोजनको लागि अभिन्न अंगको रूपमा मानिनेछन।

२०. ठेक्का बापतको रकम एकमुष्ट नियमानुसारको भ्याट कर सहित भुक्तानी भएमा मात्र कर उठाउन पट्टा दिइनेछ।

२१. कथम कदाचित पुरा रकम भुक्तानी गर्न नसकेमा पहिलो किस्ताको ५०%र कुल ठेक्का अंकको नियामानुसार लाग्ने भ्याट सहित कर र बाँकी रकमको क बर्गको बैंकको एक बर्षको बैंक ग्यारेण्टी बुझाएपछि मात्रै कर उठाउन पट्टा दिईनेछ। बाकी अन्तिम किस्ताको रकम २०७६ फागुन मसान्त भित्र भुक्तानी गरि सक्नुपर्नेछ अन्यथा सम्बन्धित बैंकलाई पत्राचार गरी असुल उपर गरिनेछ।

२२. बजार कर नगरपालिकाले निर्धारण गरेको दररेट वमोजिम असुल गर्नु पर्नेछ।

२३. ठेकेदारले तोकेको समय भित्र किस्ता नबुझाएमा वा शर्त विपरित कुनै कार्य गरेमा ठेक्का रद्ध गरी धरौटी रकम समेत जफत गरिने छ। धरौटिवाट असुल हुन वाँकी रहेमा बैक ग्यारेन्टी पत्रवाट नेपाल सरकारको नियम अनुसार असुल उपर गरिनेछ।

२४. ठेकेदारले ठेक्का लिए वापत अन्य कुनै सरकारी कर दस्तुर लागेमा छुट्टै बुझाउनु पर्नेछ।

२५. यस सुचनामा उल्लेख भएको विषय यसै सुचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

[illegible]